# लुङ्ग्री गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१२/२०

**प्रस्तावनाः** लुङ्ग्री गाउँपालिकाको खेलकुद क्षेत्रको विकासका साथै यहाँका युवाहरुमा शारिरिक एवं मानसिक तन्दुरुस्ती बनाउन एवं स्वास्थ्य प्रवर्धन गर्न लुङ्ग्री गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगितालाई मर्यादित तथा अनुशासित एवं व्यवस्थित ढंगबाट संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा ४(क)(४) को बिषयमा सोहि ऐनको दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी लुङ्ग्री गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “अध्यक्ष कप सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “समिति” भन्नाले अध्यक्ष कप भलिवल खेल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिलाई बुझ्नुपर्दछ ।

(ख) “वडा” भन्नाले मालारानी गाउँपालिका अन्तर्गतका वडाहरु सम्झनुपर्दछ ।

(ग) “समूह” भन्नाले एउटै समूहभित्र खेल्न भनी नाम दर्ता गराएका खेलाडीहरुको समूह बुझ्नुपर्दछ ।

(घ) “क्लब” भन्नाले नियमानुसार दर्ता भएका विभिन्न क्लवहरु बुझ्नुपर्दछ ।

(ङ) “खेलाडी” भन्नाले आयोजित प्रतियोगितामा सहभागि हुन योग्य खेलाडी सम्झनुपर्दछ ।

(च) “आयोजक” भन्नाले लुङ्ग्री गाउँपालिका बुझ्नुपर्दछ ।

## परिच्छेद-२
## समिति तथा उप समिति सम्बन्धि व्यवस्था

३. **<u>निर्देशक समितिः</u>** अध्यक्ष कप सञ्चालन सम्बन्धमा आवश्यक नीति निर्धारण, समन्वय र निर्देशन गर्न तपशिल बमोजिमका पदाधिकारीहरु रहेको एक निर्देशक समिति रहने छः-

| | | | |
|---|---|---|---|
| **(क)** | गाउँपालिका अध्यक्ष | - | संयोजक |
| **(ख)** | गाउँपालिका उपाध्यक्ष, | - | सदस्य |
| **(ग)** | प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य सचिव |

४. **<u>निदेशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लुङ्ग्री गाउँपालिकाको खेलकुद क्षेत्रको विकासका लागि निति निर्माण गर्ने ।
(ख) अध्यक्ष कप खेलकुद प्रतियोगिताको अनुगमन गर्ने ।
(ग) प्रतियोगिताको लागि आवश्यक पर्ने आर्थिक, पूर्वाधारको विकास तथा व्यवस्थापनका लागि कार्यापालिकामा सिफारिस गर्ने ।
(घ) प्रतियोगितालाई मर्यादित र व्यवस्थित गराउनका लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने ।
(ङ) संचालन तथा व्यवस्थापन समितिलाई परिचालन, निर्देशन गर्ने।

५. **<u>संचालन तथा व्यवस्थापन समितिः</u>** अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि तपशिल बमोजिमका पदाधिकारीहरु रहेको एक संचालन तथा व्यवस्थापन समिति रहने छः-

| | | | |
|---|---|---|---|
| (क) | गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य | - | संयोजक |
| (ख) | गाउँ कार्यपालिकाले तोकेको २ जना सदस्य | - | सदस्य |
| (ग) | सम्पूर्ण शाखाहरुबाट प्रतिनिधित्व हुने गरी, शाखा प्रमुख वा निजले तोकेको (कम्तिमा १ जना महिला कर्मचारी सहित) ३ जना कर्मचारी | - | सदस्य |
| (घ) | गाउँ यूवा परिषदको उपाध्यक्ष | - | सदस्य |
| (ङ) | गाउँपालिका अध्यक्षले तोकेको गाउँपालिका भित्रका खेलप्रेमी तथा विभिन्न क्लव, समूह, संघ, संस्था मध्येबाट प्रतिनिधित्व हुनेगरी १ जना | - | सदस्य |
| (च) | गा.पा. अध्यक्षले तोकेको मा.वि. विद्यालयको १ जना खेल शिक्षक | - | सदस्य |
| (छ) | गा.पा. अध्यक्षले तोकेको मा.वि. विद्यालयको १ जना शिक्षक | - | सदस्य |
| (ज) | शिक्षा, यूवा तथा खेलकुद शाखा, शाखा प्रमुख | - | सदस्य सचिव |

६. **<u>संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षकप खेलकुद प्रतियोगिताको आयोजना, सञ्चालन, व्यवस्थापन गर्ने ।

(ख) प्रतियोगिताको लागि आवश्यक पर्ने पूर्वाधारको व्यवस्थापन गर्ने ।

(ग) प्रतियोगिता सञ्चालन हुने समय, स्थान र मिति तय गर्ने ।

(घ) प्रतियोगितालाई मर्यादित र व्यवस्थित गराउनका लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय र पहल गर्ने ।

(ङ) प्रतियोगिताको लागि विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गरी प्रतियोगिताको सञ्चालनको व्यवस्था गर्ने ।

(च) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्ने ।

(छ) खेलकुद प्रतियोगिताको लागि प्रचार प्रसार गर्ने ।

(ज) खेलकुद प्रतियोगिताको पुरस्कारको राशी निर्धारण गर्ने ।

७. **उप-समितिहरुः** अध्यक्ष कप खेलकुद प्रतियगिता संचालन तथा व्यवस्थापनमा सहजिकरणका लागि देहाय बमोजिमको उप-समिति गठन गर्न सकिने छः-

(क) सल्लाहकार समति

(ख) प्राथमिक उपचार समिति

(ग) प्राविधिक समिति

(घ) सचिवालय समिति

## परिच्छेद-३

## अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन प्रक्रिया

८. **अध्यक्ष कप संचालन प्रक्रियाः** (१) लुङ्ग्री गाउँपालिकाको आयोजनामा संचालन हुने अध्यक्ष कप खेलकुद प्रतियोगिता प्रत्येक बर्ष संचालन हुनेछ।

(२) खेलकुद प्रतियोगिता खुला तथा कुनै स्थान र उमेर समूह तोकेर संद्चालन गर्न सकिने छ।

(३) अध्यक्ष कप खेलकुद प्रतियोगितामा सहभागी हुनका लागि खुला प्रतियोगिताको लागि बाहेकको प्रतियोगिताको लागि अन्तर स्थानीय तह स्तरीयमा सम्बन्धित स्थानीय तहको, वडा स्तरीयमा वडा कार्यालयको, बिद्यालय स्तरमा बिद्यालयको (IEMIS) र विभिन्न क्लब तथा समूह स्तरमा क्लव तथा समूहको सिफारिस सहित अनुसूचि १ बमोजिमको फाराम प्रत्येक प्रतियोगी खेलाडीबाट भराई आयोजकलाई उपलब्ध गराउनुपर्ने छ ।

(४) काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारणसहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकुल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको जानकारी कार्यालयलाई र सहभागीलाई दिनुपर्नेछ ।

९. **<u>सञ्चालन स्थान र समयावधीः</u>** (१) आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र समयको सूचना कम्तिमा ३ दिन अगावै दिनुपर्नेछ ।

(२) अध्यक्ष कप खेलकुद प्रतियोगिता कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१०. **<u>प्रमाणपत्रः</u>** अध्यक्ष कप खेलकुद प्रतियोगितामा विजयी प्रतियोगीहरुलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

११. **<u>रेफ्री तथा एम्पायरः</u>** (१) आयोजित खेलमा मुख्य रेफ्री तथा एम्पायरको लागि अनुभवी तथा लाइसेन्स प्राप्त एम्पायर तथा रेफ्रीलाई मात्र द्विपक्षीय सम्झौतामा खटाउन सकिने छ।

(२) समितिले प्रतियोगिता सञ्चालनका लागि आवश्यकता अनुसार रेफ्री तथा सहायक रेफ्री खटाउनेछ र निजहरुलाई प्रचलित नियमअनुसार पारिश्रमिक व्यवस्था गरिनेछ ।

(३) एम्पायर र आयोजक बीच हुने द्विपक्षीय सम्झौताको फारम अनुसूची ३ बमोजिम हुनेछ।

**१२. <u>खेल र खेलाडीको मापदण्डः</u>** (१) प्रतियोगी खेलमा राष्ट्रिय खेलकुदको मापदण्ड बमोजिम हुने गरी खेलाडीको मापदण्ड संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) आयोजित खेलमा सहभागी हुने खेलाडीले अनुसूची १ बमोजिमको फाराम भरेर तोकिएको समयावधीभित्र आयोजकलाई बुझाउनुपर्नेछ।

## परिच्छेद - ४

## <u>विविध</u>

१३. **<u>पेश्कि तथा भुक्तानी प्रक्रियाः</u>** अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालनका लागि आवस्यक पेश्कि माग गर्न तथा भुक्तानी प्रयोजनको लागि संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार समिति भित्रका सदस्य सचिव वा अन्य सदस्यहरु वा समिति उपसिमितिभित्रका कर्मचारीहरु मध्ये एक वा सो भन्दा बढीलाई जिम्मेवारी तोक्न सक्नेछ।

१४. **<u>पुरस्कारः</u>** (१) समूह खेलमा विजेता, उपविजेता र सेमि फाइनलिस्ट र अन्य प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुने समूहलाई र समूह खेलको एक जना उत्कृष्ट खेलाडीलाई ट्रफि, मेडल, नगद र प्रमाणपत्र प्रदान गरिनेछ ।

(२) संचालक तथा व्यवस्थापन समितिको निर्णयानुसार सहभागी समूह तथा खेलाडीहरुलाई सहभागिता समूहलाई सान्त्वना स्वरुप नगद र प्रमाणपत्र प्रदान गरिनेछ ।

(३) पुरस्कारको मापदण्ड संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **<u>प्रतिवेदनः</u>** अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन समितिले प्रतियोगिता सम्पन्न भए पश्चात समग्र प्रतिवेदन १ महिना भित्र गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१६. **<u>निर्देशक समिति र संचालन तथा व्यवस्थापन उपसमितिको बैठकः</u>** (१) निर्देशक समिति र संचालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समिति तथा उपसमितिका पदाधिकारीलाई बढिमा पाँचवटा बैठकको बैठक भत्ता नियमानुसार उपलब्ध हुनेछ ।

१७. **<u>शपथ ग्रहणः</u>** (१) रेफ्री, अम्पायर, जज, निर्णायकले कार्यक्रमको प्रमुख अतिथिबाट र खेलाडीले रेफ्री, अम्पायर, जज, निर्णायकबाट सपथ ग्रहण लिनेछ।

(२) खेलकुद प्रतियोगिताको रेफ्री, अम्पायर, जज, निर्णायकले अनुसूची ४ बमोजिम र खेलाडीले अनुसुची ५ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नुपर्ने छ ।

१८. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आईपरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ र सोको अनुमोदन कार्यपालिकाबाट गर्नु पर्नेछ ।

**१९.** **<u>संशोधन र खारेजीः</u>** यस कार्यविधिको आवश्यक संशोधन र खारेजी गाउँकार्यपालिकाले गर्न सक्नेछ।

अनुसूचि-१

सहभागी हुन भर्नुपर्ने फाराम

(परिच्छेद ३ को दफा ११ को उपदफा (२) सँग सम्बन्धित

प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फाराम

१. सहभागी खेलाडीको नामः

२. सहभागी खेलाडीको बाबुको नामः

३. सहभागी खेलाडीको स्थायी ठेगानाः

४. जन्ममितिः

५. ना.प्र.नं./जन्मदर्ता नम्बरः

६. कक्षा र IEMIS नं (बिद्यार्थी सहभागी हुने खेलको लागि मात्र):

६. हस्ताक्षरः

**उल्लेखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्नेः**

पदाधिकारीको नामः

पदाधिकारीको पदः

कार्यालयको नामः

कार्यालयको ठेगानाः

सम्पर्क नम्बरः

हस्ताक्षरः

कार्यालयको छाप

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१. नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी,
२. पासपोर्ट साइजको फोटो दुई प्रति
३. बिद्यार्थी सहभागी हुने खेलमा विद्यार्थी परिचपत्र वा IEMIS नम्बर खुल्ने प्रमाण,
४. लुङ्ग्री गा.पा. बाहिरको स्थानीय तहको टिमको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस,
५. लुङ्ग्री गा.पा. भित्रको टिमको हकमा सम्बन्धित वडा कार्यालय, बिद्यालय वा सम्बन्धित संस्थाको सिफारिस।

अनुसूची-२

(परिच्छेद ३ को दफा १० संग सम्बन्धित) प्रमाणपत्रको ढाँचा

लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
वडाचौर रोल्पा

प्रमाण-पत्र

मितिः......................................

लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडाचौर, रोल्पाको आयोजनामा ...............अध्यक्ष कप खेलकुद प्रतियोगिताको शुभ अवसरमा.......................................................खेलमा ......................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा–............................वडा नं बस्ने तपाई श्री ................................................ सहभागी भई सफलतापूर्वक....................................स्थान हासिल गर्नु भएकोमा हार्दिक बधाइ सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

आगामी दिनमा यहाँको खेलकुद क्षेत्रमा थप सफलता सहित उज्जवल भविष्यको शुभकामना।

| | | |
|---|---|---|
| ................................ | ................................ | ................................ |
| प्रमुख अतिथि | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका अध्यक्ष |

अनुसूची-३

(परिच्छेद ३ को दफा ११ (२) संग सम्बन्धित) प्रमाणपत्रको ढाँचा

## लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र ............. खेलको एम्पायर (रेफ्री) (.......................) बीच भएको द्विपक्षीय सम्झौता

श्री लुङ्ग्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र ................. खेलको एम्पायर (रेफ्री) (..................................) (यसपछि दोस्रो पक्ष भनिने) बीच मिति ...................................... मा देहायको शर्तका अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक-एक प्रति आपसमा बुझि लियौं/दियौं।

**शर्तहरुः**

१. क्रिकेट खेलको एम्पायर गरे वापत पाउने रकमः नियमानुसार करकट्टी गरि उपलब्ध गराउने।
२. काम गर्नु पर्ने स्थानः .............................................. ।
३. समय र अवधिः खेल सञ्चालन अवधिभर खटिनुपर्ने ।
४. भुक्तानी प्रक्रियाः दोस्रो पक्षले पेश गरेको, खेलको नतिजाको आधारमा सम्झौता बमोजिम भुक्तानी गराउने ।
५. सम्झौतामा उल्लेख भएभन्दा बढी रकमको दावी दोस्रो पक्षले गर्न पाउने छैन ।
६. पहिलो पक्षले बास, खाना तथा यातायातको व्यवस्था दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

यसमा उल्लेख भएका कुराहरु यसै सम्झौता अनुसार र यसमा उल्लेख नभएका कुराहरुका सम्बन्धमा प्रचलित कानून बमोजिम रहनेछ ।

| पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको: | दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको: |
|---|---|
| दस्तखत.................................. | दस्तखत.................................. |
| नाम, थरः .............................. | नाम, थरः .............................. |
| पदः ....................................... | पदः ....................................... |
| संस्थाः..................................... | लाइसेन्स/प्रमाणपत्र नं:......... |

रोहबरः............................

इति सम्बत् ............................ गते .................. रोज शुभम

आज्ञाले

जीत बहादुर परियार

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

परिच्छेद ४ को दफा १७ (२) संग सम्बन्धित

रेफ्री, अम्पायर, जज (निर्णायक)को शपत ग्रहणको ढाँचा

म ................................................................... रेफ्री, अम्पायर, जज (निर्णायक) को तर्फबाट यो शपथ ग्रहण गर्दछु कि मैले लुम्बिनी प्रदेश रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिकामा मिति..................................................देखि आयोजित ................ अध्यक्ष कप खेलकुद प्रतियोगितामा समावेश खेल/सम्पूर्ण खेलका प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप इमान्दार र निस्पक्षताका साथ रेफ्री, अम्पायर, जज, निर्णायकको भूमिका सावधानी, विवेक, र निष्ठामा आधारित रहि खेल खेलाउन शपथग्रहण गर्दछुँ।

शपथग्रहण गर्ने रेफ्री, अम्पायर, जज, निर्णायकको:

दस्तखतः

नामः

पदः

मितिः

अनुसूची-४

परिच्छेद ४ को दफा १७ (२) संग सम्बन्धित

<u>खेलाडीको शपत ग्रहणको ढाँचा</u>

म ................................................................ खेलाडीको तर्फबाट  यो शपथ ग्रहण गर्दछु कि मैले लुम्बिनी प्रदेश रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिकामा मिति....................................................................देखि आयोजित ................ अध्यक्ष कप खेलकुद प्रतियोगितामा समावेश खेल/सम्पूर्ण खेलका प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप इमान्दार र निस्पक्षताका साथ खेलाडीको भूमिका सावधानी, विवेक, र निष्ठामा आधारित रहि खेल खेल्न शपथग्रहण गर्दछुँ।

<u>शपथग्रहण गर्ने खेलाडीको:</u>

दस्तखतः

नामः

पदः

मितिः